जहाँ छ मेरो जन्मभूमि, त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए, हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥- कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का.महोत्तरी.द.नं. ४१/०७०/७१
जि.महोत्तरी.हु.द.नं. २/०७०/७१

सबै क्षेत्रको प्रवर्द्धनको गुरू

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
:९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail:-
jaleshwortoday@gmail.com

बर्ष १० • अंक ११७ • २०७९ फाल्गुण ६ गते शनिवार • 18 Feb. 2023 • पृष्ठ ४ • मुल्य रु.५/-

## महाशिवरात्रिको अवसरमा कलश शोभायात्रा निकालियो




जलेश्वरटुडे समाचारदाता
महोत्तरी, ५ फाल्गुण

महोत्तरीको जलेश्वरमा आज महाशिवरात्रिको अवसरमा कलश शोभा यात्रा भव्यताका साथ निकालिएको छ। सो कलश शोभा यात्रामा प्र्मुख जिल्ला अधिकारी दिपक कुमार पहाडी, जलेश्वर नगरपालिका नगर प्रमुख सुरेश साह सोनार,मटिहानी नगरपालिकाको नगर प्रम्ख हरि प्रसाद मण्डल,महाशिवरात्रि मेला अध्यक्ष रमण चौधरी, मेला समितिका अन्य पदाधिकारीहरु,ओम शान्तिका प्रतिनिधिहरु,स्थानिय सरकारी तथा गैर सरकारी विद्यालयहरु, विभिन्न युवा कल्बहरु, समाजसेवी, राजनितिकर्मी, बुद्धिजिवि, नेपाली सेना, सशस्त्र प्रहरी, जनपथ प्रहरी, नगर प्रहरी, पत्रकार तथा सर्वसाधारणहरुको गरिमामय उपस्थिति रहेको थियो। सो शोभा यात्रा जलेश्वर नगरको परिक्रमा गरेको थियो भने सहभागि प्रतिनिधिहरुले भगवान शिवको महिमाको बखान गर्दै भव्यता प्रदान गरेका थिए। सो शोभा यात्रामा हजारौ भक्तजनहरुको सहभागिता रहेको अडकल गरिएको छ।

महाशिवरात्रीको अवसरमा मधेस प्रदेशको महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वर नगरपालिकामा अवस्थित जलेश्वरनाथ महादेव परिसरलाई बेहुली झै सजाइएको छ । सो क्रममा मन्दिर भित्रका शिव मन्दिर, पार्वति मन्दिर लगायत विभिन्न मन्दिरहरुलाई शयपत्रीको फुलले सजाइएको छ भने विभिन्न ठाउँहरुमा लगाइएको गुलजस्ताले मन लोभ्याउने विश्वास गरिएको छ।

बांकी पृष्ठ २ मा ।

## बोध दिवसमा आयोजित तीन दिवसीय सत्संग तथा भण्डारा कार्यक्रम सम्पन्न

जलेश्वरटुडे समाचारदाता
धनुषा, ५ फाल्गुण




धनुषाको मिथिला न.पा.-२, बेलाचापी स्थित सतलोक आश्रम धनुषामा पूर्णब्रह्म कबीर उपासक समाज, नेपालको आयोजनामा जगतगुरु तत्वदर्शी सन्त रामपालजी महाराजको ३६ औं बोध दिवसको उपलक्ष्यमा आयोजित तीन दिवसीय अखण्ड पाठ तथा विशाल भण्डारा कार्यक्रम फाल्गुन ५ गते शुक्रबार परमात्मालाई भोग लगाएर सफलतापूर्वक सम्पन्न भएको छ। तीन दिवसीय उक्त कार्यक्रममा लाखौंको संख्यामा श्रद्धालुहरु सहभागी भए भने बहु संख्यामा नेता, मन्त्री, विभिन्न निकायका उच्च अधिकारी लगायतका विशिष्ट व्यक्तिहरुको पनि उपस्थिति रह्यो। कार्यक्रमको समापनमा सिरहा जिल्लाको प्रमुख जिल्ला अधिकारी ज्यु, एकडारा गाउँपालिका अध्यक्ष ज्युको पनि उपस्थिति थियो।

यस विशाल कार्यक्रममा देश विदेशबाट आएका श्रद्धालुहरु सहभागी भएर स्वयंसेवकको सेवा गर्नुका साथै ४१ युनिट रक्तदान पनि गरे। यसै क्रममा ३ नव जोडिहरुको दाइजो एवं आडम्बरमुक्त रमैणी विवाह पनि गराइयो। पूर्णब्रह्म कबीर उपासक समाज नेपाल द्वारा यस्ता कार्यक्रमहरु समय समयमा गराइरहेको र यस्ता कार्यक्रमले समाजलाई विकृतिमुक्त बनाउन एउटा पृथक किसिमको दिशानिर्देश गरेको कुरा पनि संस्थाका पदाधिकारीहरुले जनाए। दाइजोप्रथा,

बांकी पृष्ठ २ मा ।

## कार्यबाहक अध्यक्ष बराल र सचिव महतोमाथि कारबाहीको माँग

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, ५ फाल्गुण




नेपाल पत्रकार महासंघ महोत्तरी शाखाको शुक्रबार जलेश्वर स्थित शाखा भवनमा बसेको कार्यसमितिको बैठकले शाखाका कार्यबाहक अध्यक्ष हेमकुमारी बराल (सुनिता) र सचिव राजकरण महतोलाई कडा कारबाहीको माँग गरेको छ।

बैठकले एक विज्ञप्ती जारी गर्दै का.बा.अध्यक्ष बराल र सचिव महतोले लोकतान्त्रिक मुल्य मान्यतालाई लत्याउँदै निर्वाचित कोषाध्यक्ष, सह सचिव र सदस्यहरुसँग राय, परामर्श, आवश्यक छलफल र स्वीकृति बिना नै शाखाको आफ्नो भवन हुँदाहुँदै बाहिर गोप्य स्थानमा लुकेर संस्थालाई नै ध्वस्त बनाउने विभिन्न निर्णयहरु गरेको प्रति कार्यसमितिको गंभिर ध्यानाकर्षण भएको दर्शाउँदै दुवै जनामाथि कडा कारबाहीको लागि नेपाल पत्रकार महासंघ केन्द्रिय कार्यसमिति र प्रदेश कार्यसमितिलाई आग्रह गरेको विज्ञप्तीमा उल्लेख छ।

सचिव महतो आफू काठमाडौंमै बस्ने गरेको, जिल्ला स्थित कार्यसमितिको कुनै पनि बैठकमा सहभागी नहुने गरेको र अहिले पत्रकार पत्रकारबीच द्वन्द्व गराउने उद्देश्यले आफ्ना आसेपासे, जातिगत, पार्टीगत

बांकी पृष्ठ २ मा ।

## प्रतिष्ठानको भवन तथा शिक्षण अस्पताल निर्माणको काम सुरु नहुँदै विवादित

जलेश्वरटुडे समाचारदाता
धनुषा, ५ फाल्गुण




मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको भवन तथा शिक्षण अस्पताल निर्माणको काम सुरु नहुँदै विवादित बनेको छ। जनकपुरधाम उपमहानगरपालिका-१३ रानीबजार स्थित करिब १९ बिघा जग्गामा भवन तथा शिक्षण अस्पताल निर्माणको लागि काम थाल्नु अघि नै तारवार लगाउने कार्यलाई स्थानीयवासीले अवरोध गरेका छन्।

निर्माण कार्य अघि बढाउनु अघि गुठी संस्थानले प्रतिष्ठानलाई लिजमा दिएको जग्गामा घेरा हाल्नका लागि लगाइएको पिलर स्थानीयवासीहरुले उखालेर फालेपछि निर्माण नहुँदै विवाद सिर्जना भएको छ। गत माघ २५ गते घेरा हाल्न पुगेका कामदारलाई स्थानीयवासीले अवरोध उत्पन्न गरेपछि कामदारहरु फिर्ता भएको प्रतिष्ठानका मरम्मत सम्भार ईन्चार्ज संजय यादवले जानकारी दिए। उनले भने,'हामीले २४ गते सो जग्गामा करिब पाँच वटा पिलर लगाएर एक तर्फबाट घेरा हाल्ने कार्य सुरु गरेका थियौं तर त्यसको भोलिपल्ट त्यहाँ जाँदा सो पिलरहरु उखालेर फालिएको भेटेपछि हामी काम नगरी फिर्ता भयौं।' गुठी संस्थानले प्रतिष्ठानलाई लिजमा दिएको सो जग्गा जानकी मन्दिर अधिनस्थ रहेको र सो १९ बिघा जग्गा स्थानीयवासीले वर्षौदेखि भोगचलन गरी मन्दिरलाई कुत बुझाउँदै आएकोले जानकी मन्दिरका महन्त रामतपेश्वर दास वैष्णवले हामीलाई प्रदान गरेकोले उनले जानकारी नदिएसम्म काम अघि बढ्न नदिने बताएका छन् । स्थानीयवासी रामप्रबोध राउतले यहाँका स्थानीयवासीले मनखपमा सो जग्गामा उत्पादन गर्दै आएको र कतिपय व्यक्तिको जीविकोपार्जनको मुख्य स्रोत यही जग्गा रहेको बताए। कसैले मनखप र कसैले बटैयामा जग्गाको भोगचलन गर्दै आएको जानकारी दिँदै उनले भने,'प्रतिष्ठानको भवन तथा शिक्षण अस्पताल निर्माण नहोस भन्ने पक्षमा हामी छैनौं तर परापूर्वकालदेखि नै जग्गाको संरक्षण गर्दै नियमानुसारको कुत जानकी मन्दिरलाई बुझाउँदै आएका स्थानीयवासीहरुको जग्गा लिएपछि उनीहरुको जीविकोपार्जनको व्यवस्था सरकारले गर्नसक्नु पर्‍यो।'









## सम्पादकीय ...

# तोड्नैपर्ने भ्रष्टाचारको जालो

*भ्रष्टाचार एउटा मनोवैज्ञानिक समस्या पनि हो । यो मानिसको आचरणमा निर्भर गर्छ । विद्यमान सामाजिक, राजनीतिक, पारिवारिक प्रभावले समेत उनीहरूलाई भ्रष्ट बन्न प्रेरित गरेको हुनसक्छ । भ्रष्टाचार एक प्रकारको दीर्घ रोग हो, यसले समाजलाई खोक्रो बनाउँछ, लोकतन्त्र कमजोर तुल्याउँछ । आर्थिक विकासमा बाधा पुर्याउँछ र गरिबी, असमानता, सामाजिक विभाजन र वातावरणीय सङ्कटलाई अझ बढावा दिन्छ । यो रोगले नछोएको मुलुक बिरलै होलान् । फरक यत्ति हो कि कुनै मुलुकमा कम होला त कुनैमा बढी ।*

*वनमा ऐँजेरू फैलिएजस्तै यो रोग फैलिने मुलुकमा हाम्रो देश नेपाल पनि पर्छ भन्ने कुरा केही समयअघि ट्रान्सपरेन्सी इन्टरनेसनल (टीआई) ले सार्वजनिक गरेको २०२२ को भ्रष्टाचार अवधारणा सूचकाङ्क (सीपीआई)को तथ्याङ्कमा नेपालको अवस्था हेरेर छर्लङ्ग हुन्छ । सीपीआई २०२२ मा १८० देशको सार्वजनिक क्षेत्रको भ्रष्टाचारबारे विज्ञको अवधारणाबाट मापन गरिएको थियो । विगत एक वर्ष (सन् २०२१-२२)मा विश्व बैङ्क, वर्ल्ड इकोनोमिक फोरम, ग्लोबल इन्साइट, बर्टेल्सम्यान फाउन्डेसन, वर्ल्ड जस्टिस प्रोजेक्ट र भीडीईएमसमेत गरी छवटा संस्थाद्वारा गरिएका सर्वेक्षणका आधारमा नेपाललाई १०० मा ३४ अङ्क (११०औँ स्थान) दिइएको छ ।*

*सीपीआई २०२१ मा नेपालको अङ्क ३३ (११७औँ स्थान) रहेको थियो । नेपालमा प्रशासनिक एवं संवैधानिक निकायले प्रत्यक्ष विधिमा मात्र बढी जोड दिएको पाइन्छ । यसबाट मात्र सजिलै अपेक्षित लाभ लिन नसकिने प्रस्ट भइसकेको छ । अबको अभियानमा जनसहभागिताको सहयोगमा अप्रत्यक्ष विधिलाई पनि अङ्गीकार गरेर अगाडि बढेको खण्डमा पक्कै पनि भ्रष्टाचारका बलिया त्यान्द्रालाई कमजोर तुल्याउन सकिन्छ र छिट्टै यसको जालो तोड्न मद्दत पुग्नेछ ।*

*महाशिवरात्रिको अवसरमा....*

मन्दिरलाई पहेलो रंगले रंगरोगन गरिएको छ भने विभिन्न ठाउँहरु ओम तथा शिव भगवानसँग सम्बन्धीत लेखहरुले यस क्षेत्रको धार्मिकतालाई दर्शाएको देखिन्छ । मन्दिरको चारै क्षेत्रलाई विभिन्न रंगीचंगी कपडा तथा फुलहरुले सजाइएको प्रष्ट देख्न सकिन्छ । यति मात्र होइन फोटो खिचाउने साइटलाई समेत मूल मन्दिरदेखि दक्षिणपट्टी राखिएको मुल द्वारबाटै देख्न सकिन्छ । साथै भक्तजनहरुको भिडलाई नियन्त्रित राख्न र जलेश्वरनाथको दर्शन सहज बनाउनको लागि बाँसको सहयोगले पूर्व,पश्चिम तथा उत्तरतिर लाइन बनाइएको छ । रात्रिकालमा बालिने झिलिमिली बत्ति तथा छाताको सजावटले मन्दिर परिसरलाई मनमोहक बनाएको देखिन्छ । मन्दिरको मूल द्वारको माथिल्लो भागलाई समेत सयपत्रि फुलको मालाले सजाइएको छ । महाशिवरात्रीको अवसरमा स्थानिय युवा कल्ब तथा सुरक्षा निकायका प्रतिनिधिहरुले बिहिबार बिहानै मन्दिर सरसफाई समेत गरेका थिए । महाशिवरात्रीको दिन जलेश्वरनाथलाई बेलपत्र, पुष्प, माला, जल लगायतका सामाग्रीहरु अर्पण गरी मनवाँचित फल प्राप्त गर्न जलेश्वरनाथको मन्दिर परिसरमा उपस्थित भई दिन सबै देशी तथा बिदेशी श्रद्धालु भक्तजनहरुसँग नगर प्रमुख सोनारले आग्रह गरेका छन् । विश्वमै प्रख्यात रहेको जलगुफा भित्रको महाशिवलिंगको स्पर्श तथा दर्शनले विभिन्न रोग व्याधि निको हुने, यश, बैभव, सुख तथा शान्तिको प्राप्ति हुने गरेको जनआस्था रहि आएको छ । यस मन्दिरको प्रचारप्रसारको लागि बढी पर्यटक आउने ठाउँहरुमा यस मन्दिर सम्बन्धी जानकारी भएको फ्लैक्स तथा फोटाहरुको व्यवस्थापन गराउन आवश्यक रहेको विज्ञहरुको सल्लाह रहेको छ ।

*बोध दिवसमा आयोजित.........*

नशा सेवन, मांसाहार , भ्रष्टाचार, आदी सबै किसिमका विकृतिहरुबाट मुक्त गराई स्वच्छ, सभ्य, सुखी समाज निर्माण गरी धरतीलाई स्वर्ग बनाउने सन्त रामपालजी महाराजको उद्देश्य रहेको कुरा कार्यक्रममा प्रदर्शनीका माध्यमबाट बताइयो । कार्यक्रममा आउने सर्व अतिथिका लागि शुद्ध घ्युमा बनेका लड्डु, जेरी, हलुवा प्रसाद एवं परम सन्त रामपालजी महाराजद्वारा लिखित ज्ञान गंगा, गीता तिम्रो ज्ञान अमृत, जीउने मार्ग जस्ता पुस्तकहरुको सेवा पनि कार्यक्रममा गरिएको थियो । आश्रममा सबै सेवा सुविधाहरु सर्व आगन्तुकका लागि निःशुल्क रुपमा नै व्यवस्था गरिएको थियो ।

*कार्यबाहक अध्यक्ष बराल............*

र समूहगत व्यक्तिहरुलाई परिचालित गरी/गराई संस्थाको मान, मर्यादा र साख नै डुबाउने किसिमको निर्णयहरु गराएको र त्यस्तै कार्यबाहक अध्यक्ष बरालले संस्थाको आर्थिक अनियमितता गरेको तथा अहिले नेपाल पत्रकार महासंघ महोत्तरी शाखाको साधारण सभा समेत गराउन नसकेर अनाधिकृत तवरले नयाँ सदस्यता र सदस्यता नवीकरण आवेदन खुलाएकोमा दुवै जनामाथि कडा कारबाहीको माँग गरिएको शाखाद्वारा जारी विज्ञप्तीमा उल्लेख छ । संस्थाको हकहितका लागि बोल्ने र राम्रो नराम्रो सुझाउने कोषाध्यक्ष, सह सचिव र सदस्यहरुलाई बेवास्ता गर्दै शाखाको हित, अहित सम्बन्धी केहि जान्न बुझ्न नसक्ने व्यक्तिहरुलाई ओझेलमा पार्दै शाखाको आफ्नो भवन हुँदाहुँदै पनि गोप्य स्थानमा लुकेर अनाधिकृत रुपमा संस्थाको लेटरप्याड र छाप प्रयोग गरेर विभिन्न विवादास्पद निर्णहरु गरेर निर्वाचित कोषाध्यक्ष, सह सचिव र सदस्यहरुको मान मर्दन गर्नुको साथै संस्थालाई नै बर्बाद पार्ने काम गरेका का.बा.अध्यक्ष बराल र सचिव महतोलाई हदैसम्मको कारबाही लागि नेपाल पत्रकार महासंघ केन्द्रिय समिति काठमाडौं र नेपाल पत्रकार महासंघ मधेश प्रदेश समिति जनकपुरसँग जोडदार माँग गरिएको सह सचिव सञ्जीतकुमार मण्डलद्वारा हस्ताक्षरित विज्ञप्तीमा उल्लेख छ । यसका साथै संस्थाको साधारण सभा समेत नभइसकेको अवस्थामा का.बा.अध्यक्ष बराल र सचिव महतोले मनपरी ढंगले नयाँ सदस्यता र सदस्यता नवीकरणको लागि माँग गरिएको आवेदन अझै पनि अर्को सूचना प्रकाशित नहुञ्जेलसम्मको लागि स्थगित नै रहेको जनाउँदै संस्थाको अहितमा कुनै पनि निर्णय गरे गराएमा सहनिय नहुने चेतावनी समेत विज्ञप्तीमा दिइएको छ ।

# राष्ट्रिय प्रजातन्त्र दिवस, २०७९ तीन दिनसम्म मनाइने




**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ५ फाल्गुण**

राष्ट्रिय प्रजातन्त्र दिवस, २०७९ तीन दिनसम्म मनाइने भएको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले शुक्रबार सबै प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, सबै आयोग, विभाग, प्रतिष्ठान, जिल्ला समन्वय समिति र स्थानीय तहलाई परिपत्र गर्दै प्रजातन्त्र दिवस तीन दिनसम्म मनाउन भनेको हो । 'राष्ट्रिय प्रजातन्त्र दिवस, २०७९ यही फागुन ६, ७ र ८ गते तीन दिनसम्म भव्यताका साथ मनाउने सन्दर्भमा राष्ट्रिय प्रजातन्त्र दिवस २०७९ मूल समारोह समितिका अध्यक्ष प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को अध्यक्षतामा गत माघ २४ गते बसेको बैठकबाट पारित कार्यक्रम मुताबिक विभिन्न कार्यक्रम गरी मनाउन अनुरोध छ', सामान्य प्रशासन मन्त्रालयले गरेको परिपत्रमा भनिएको छ । प्रजातन्त्र दिवस मनाउन सबै प्रदेशका मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेशस्तरीय प्रजातन्त्र दिवस मूल समारोह समिति गठन गर्न पनि परिपत्र गरिएको छ ।

त्यस्तै सबै सरकारी निकाय, प्रतिष्ठान, सङ्घसंस्था, कार्यालयमा राष्ट्रिय झण्डा फहराउने तथा फागुन ६, ७ र ८ गते साँझ दीप प्रज्वलन गर्ने कार्यक्रम रहेको छ । सार्वजनिक निकाय र स्थलहरुको सरसफाइ गरी सम्भाव्य स्थानमा राष्ट्रिय झण्डा राखी सजावटसहित सौन्दर्यीकरण अभिवृद्धि गर्न पनि मन्त्रालयको परिपत्रमा उल्लेख छ । सञ्चारमाध्यमबाट राष्ट्रिय प्रजातन्त्र दिवससँग सम्बन्धित सन्देशमूलक कार्यक्रम प्रकाशित तथा प्रसारित गर्ने र दिवस केन्द्रित सांस्कृतिक, साहित्यिक, शैक्षिक क्षेत्रसम्बद्ध सृजनात्मक तथा रचनात्मक प्रतियोगिताका कार्यक्रम आयोजना गर्न पनि परिपत्र गरिएको छ ।

# समाज विकासका लागि शिक्षा महत्वपूर्ण :मण्डल



**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ५ फाल्गुण**

मटिहानी नगरपालिकाका मेयर हरि प्रसाद मण्डलले समाज विकासका लागि शिक्षा महत्वपूर्ण रहेको कुरा बताउनु भएको छ ।

मटिहानी नगरपालिकाको वड़ा नं. ६ स्थित राष्ट्रिय जनता प्राथमिक विद्यालय भवनको आज शिलान्यास गर्नु हुँदै उहाँले विद्यालयमा निर्माण हुने भवनले शिक्षा क्षेत्रमा सहयोग पुग्ने भन्नु भयो । विद्यालयमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत २२ लाखको लागतमा दुई कोठे पक्की भवन निर्माण हुने कुरा पालिकाका इंजीनियर विमलेश साहले बताउनु भयो । विद्यालय ब्यबस्थापन समितिका अध्यक्ष राम स्नेही मण्डलको अध्यक्षता सम्पन्न कार्यक्रममा वडा अध्यक्षहरु कलीम अंसारी,जितनारायन माझी, रितेश साह, नाजिर राईन, पुर्व वड़ा अध्यक्ष गणेश प्रसाद साह, राम बाबु नायक, कार्यपालिका सदस्य अरुण नाहर, इन्जीनियर बिमलेश साह, शिक्षा संयोजक चन्देश्वर साह, रामजी मंडल, लगायत स्थानियहरुको उपस्थिति रहेको थियो ।

## तपाईको टुडे

मेषः पढाईमा ध्यान दिनुपर्ने

वृषः खानपानमा समस्या आउने

मिथूनः लामो यात्राको योग छ

कर्कटः आम्दानी हुने

सिंहः पिछडेको साथी मिल्ने

कन्याः मित्रतामा फाटो आउने

तुलाः मनमा पछुतो आउने

वृश्चिकः अनावश्यक चिन्ता

धनुः अशुभ समाचार प्राप्त हुने

मकरः अनावश्यक खर्चको संभावना

कूम्भः विचार गरेर बोल्नुहोला

मीनः शुभ कार्यको शुरुवात


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |
| आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं | १९७ |

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महावीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०५:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०६:३० बजे |
| राति ढोका बन्द हुने समय | : १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा




| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०७:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०७:३० बजे |

# टर्कीमा भूकम्प गएको ११ दिनपछि एक किशोरसहित तीनजनाको जीवितै उद्धार

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ५ फाल्गुण



टर्कीमा उद्धारकर्मीले भूकम्प गएको ११ दिनपछि तीन जनालाई उद्धार गरेका छन्। टर्कीका उद्धारकर्मीले भूकम्प गएको ११ दिनपछि १४ वर्षीय बालक र अन्य दुई जनालाई उद्धार गरेको टर्कीका एक मन्त्रीले शुक्रबार बताएका हुन्।

टर्कीको दक्षिणपूर्वी क्षेत्र र सिरियामा गएको ७.८ म्याग्निच्यूडको भूकम्पको २६० घण्टापछि १४ वर्षीय उस्मानलाई उद्धार गरिएको स्वास्थ्यमन्त्री फहरेटिन कोकाले ट्वीटरमा जानकारी गराएका छन्। उनले तेह्र बर्षीय उस्मानलाई उद्धारपछि स्ट्रेचरमा बोकिरहेको भिडियो पनि पोस्ट गरेका छन्। उनको हताय प्रान्तको अन्ताक्यास्थित अस्पतालमा उपचार भइरहेको छ। उद्धारकर्ताले भग्नावशेषमा आवाज सुनेपछि उस्मानलाई फेला पारेको सरकारी समाचार एजेन्सी अनादोलुले अधिकारीहरूलाई उद्धृत गरी उल्लेख गरेको छ। उद्धारकर्मीले बिहीबार नै अन्ताक्यामा २६ र ३३ वर्षका अन्य दुई जनालाई उद्धार गरेको कोकाले बताए। एघारौं दिनमा उद्धार गरिएका २६ वर्षीय मेहमत अली साकिरोग्लु र ३३ वर्षीय मुस्तफा अव्सीलाई उस्मानलाई उद्धार गरिएकै स्थानको भवनको भग्नावशेषबाट उद्धार गरिएको डीएचए समाचार एजेन्सीले जनाएको छ। म ठीक छु, मलाई कुनै समस्या छैन, कोकाले सार्वजनिक गरेको भिडियोमा प्रियजनलाई कल गर्ने क्रममा अब्सीले भने।

# बलिउड अभिनेत्री स्वरा भास्करले गरिन् विवाह

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ५ फाल्गुण



बलिउड अभिनेत्री स्वरा भास्कर आफ्नो विवाहका कारण चर्चामा छिन्। नायिकाले ६ जनवरीमा समाजवादी पार्टीका नेता फहाद अहमदसँग अदालती विवाह गरेकी थिइन्। अब १६ फेब्रुअरीमा स्वराले सोसल मिडियामार्फत आफ्नो विवाहको जानकारी दिएकी हुन्।

यसैबीच जोडीको एउटा भिडियो सोसल मिडियामा सार्वजनिक भएको छ जसमा उनी अदालती विवाहपछि नाचिरहेको देखिएकी छिन्। वास्तवमा यो भिडियो स्वरा र फहादका साथीले आफ्नो सोसल मिडिया अकाउन्टमा पोस्ट गरेका छन्। कधबचबअदालत बाहिर ढोलमा गरिन् डान्स- यो भिडियोमा स्वरा र फहाद विवाहपछि अदालत बाहिर निस्किरहेको देखिएका छन्। यति बेला नायिका श्रीमानको हात थामेर निकै खुसी देखिएकी छिन्। रातो साडी, टिका र हातमा मेहेन्दी लगाएकी स्वरा सुन्दर देखिएकी छिन्। स्वराले विवाहमा आफ्नी आमाको ४० वर्ष पुरानो साडी लगाएको बताइन्छ।

# दोस्रो टेष्टमा पनि भारतसँग अष्ट्रेलिया डटेर खेल्न सकेन

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ५ फाल्गुण



भारतविरुद्धको दोस्रो टेष्ट क्रिकेटमा पनि अष्ट्रेलियाले कमजोर प्रदर्शन गरेको छ। आजदेखि दिल्लीमा शुरु भएको दोस्रो टेष्टमा अष्ट्रेलिया पहिलो दिनमै अलआउट भयो।

अष्ट्रेलियाले सबै विकेट गुमाएर पहिलो इनिङ्समा २६३ रनमात्र बनाउन सक्यो। उस्मान खवाजाले ८१ तथा पिटर ह्याण्ड्सकम्बले ७२ रन बनाए। भारतका लागि मोहम्मदा शामीले ४ तथा रविचन्द्रन आश्विन र रविन्द्र जडेजाले ३-३ विकेट लिए। पहिलो टेष्टमा आश्विन र जडेजा चलेका थिए। जवाफमा भारतले पहिलो दिनको समाप्तिसम्म कुनै विकेट नगुमाइ २१ रन बनाएको छ। कप्तान रोहित शर्मा १३ तथा लोकेश राहुल ४ रनमा अविजित छन्। चार खेलको श्रृंखलाको पहिलो खेलमा भारत एक इनिङ्स र १३२ रनले विजयी भएको थियो। त्यो खेलमा तीन आर रविचन्द्रन, रविन्द्र र रोहित चम्केका थिए। रविचन्द्रन र रविन्द्रले बलिङ कमाल देखाइसकेका छन्।

# मौद्रिक नीति र बजेटको अर्धवार्षिक समीक्षाको छायामा सेयर बजार

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ५ फाल्गुण




यो साता सेयर बजार परिसूचक नेप्से ११२ अंकमाथिले घटेर २ हजार ७० अंकको विन्दुमा ओर्लिएको छ। अघिल्लो साताको अन्तिम कारोबार दिन अर्थात् माघ २९ गते१२.४५ अंकले बढ्दै २१ सय ८२.६४ अंकमा उक्लिएको नेप्से सूचक यस साताको अन्तिम कारोबार दिन माघ ४ गते, बिहीबारसम्ममा ११२.२३ अंकले घट्दै २ हजार ७०.४१ अंकको विन्दुमा रोकिन पुगेको हो। अघिल्लो साता आएको मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा, त्यस लगत्तै भएको बजेटको अर्धवार्षिक समीक्षाले समेत बजारलाई उत्साह भर्न नसकेपछि सेयर बजार डाउन हुन पुगेको हो।

खासगरी मौद्रिक नीति र बजेटको अर्धवार्षिक समीक्षाले बैंक ब्याजदर, सेयर धितोकर्जाको सीमा खारेजीलगाएको माग सम्बोधन गर्नेमा धितोपत्र लगानीकर्ताहरुको अपेक्षा थियो। तर, राष्ट्र बैंकको मौद्रिक नीतिले सम्बोधन गर्न नसकेको सेयर बजारलाई सरकारको बजेटको अर्धवार्षिक समीक्षाले समेत सकारात्मक आसा दिन नसकेपछि सेयर बजार डाउन हुन पुगेको हो। थप मौद्रिक नीतिपछि बैंक तथा वित्तीय संस्थाहरुलाई एकीकृत निर्देशन जारी गरेको राष्ट्र बैंकले सेयर धितो (मार्जिन लेनिडङ) सम्बन्धी कर्जालाई पुनरतालिकीकरण र पुनरसंरचना समेत गर्न रोकिदिएपछि लगानीकर्ताहरु थप सशंकित हुन पुगेका छन्।


## सूचना

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वा नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- चिल्लो तथा वोसोयुक्त खानेकुरा नखाऔं,
- शारीरिक व्यायमलाई निरन्तरता दिऔं,
- हृदय रोग, मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजसता समस्या भएका व्यक्तिले स्वास्थ्य परीक्षण गरौं,



जाडोको जोखिमबाट आफु पनि बचौं र अरुलाई पनि बचाऔं।

रामगोपालपुर नगरपालिकाको कार्यालय, महोत्तरी



## सूचना

- समयमा कर तिरी पालिकाको विकास निर्माणमा सहभागी बनौं। समयमा कर तिरौं, जरिवानाबाट बचौं।
- सबैको व्यक्तिगत घटना दर्ता अनलाईन गरौं, गराऔं।
- खुल्ला रुपमा दिशा-पिसाव नगरौं, सभ्य बनौं, सफा रहौं। सदैब चर्पीको प्रयोग गरौं।
- गर्भवती महिलाले नियमित गर्भ परिक्षण गरौं, गराऔं। व्यक्तिगत सरसफाईमा ध्यान दिऔं।
- खानेपानी उमालेर मात्र प्रयोग गरौं।
- व्यवसायिक कृषी उत्पादन गरौं, आत्मनिर्भर बनौं।
- आफ्ना घर अगाडी सडकमा फोहर नफालौं, न फाल्न दिऔं।
- घरपालुवा पशुपंक्षीहरु सडकमा छाडा नछोडौं।
- व्यापार व्यवसाय पालिकामा दर्ता गराएर मात्र संचालन गरौं, गराऔं।

औरही नगरपालिकाको कार्यालय, महोत्तरी



## कामनी व्यूटी पार्लर

यहाँ व्यूटी पार्लर सम्बन्धी सम्पूर्ण काम गरिनुको साथै व्यूटी पार्लर,मेहँदी,डिजाइनर मेहँदी सम्बन्धी तालिम समेत दिइन्छ। यहाँ आधुनिक किसिमले दुल्हन सजाउने काम समेत गरिन्छ।

सम्पर्क : साह मिनी मार्केटको सामुने,जलेश्वर,महोत्तरी



"Education Is The Light Of Life"

NAME
COACHING & TRAINING CENTER PVT. LTD.
Janakpurdham-4, (Shantinagar)
(विश्वकर्मा चौक देखि संकटमोचन स्कूल जाने बाटोमा)

Our Running Programme

| Computer Class & English Language | Coaching Class | Tuition Class | Entrance Preparation | Bridge Course |
|---|---|---|---|---|
| | 6,7,8,9,10 | +2 Science<br>+2 Management | - H.A.<br>- Staff Nurse<br>- D-Pharmarcy<br>- CMLT (Lab)<br>- Opthalmic Science<br>- Diploma in Civil, Electrical Mechanical Engineering<br>- Lab Technician | - Science<br>- Management<br>- CMAT Preparation |

लोक सेवा आयोग

(१) खरिदार,ना.सु., अधिकृत (२) प्रहरी सेवा (३) शिक्षक सेवा (४) बैंक सेवा (५) शिक्षा सेवा (६) महिला विकास (७) स्वास्थ्य सेवा (८) प्राविधिक सेवा

हाम्रो विशेषताहरु

१. दक्ष तथा अनुभवी शिक्षक शिक्षिकाद्वारा मनोवैज्ञानिक तरिकाबाट कक्षा संचालन
२. Computer Class को व्यवस्था
३. अंग्रेजी र नेपाली दुवै माध्यममा अध्ययन अध्यापनको व्यवस्था
४. विहान र बेलुका दुवै समयमा अध्ययन अध्यापनको व्यवस्था
५. प्रत्येक महिनाको अन्त्यमा Monthly Test को व्यवस्था र प्रथम, द्वितिय र तृतिय हुनेलाई पुरस्कारको व्यवस्था।
६. प्रत्येक कक्षामा सि.सि.टि.भि. क्यामरा द्वारा अनुगमन तथा प्रोजेक्टर द्वारा पठन-पाठन गराइने
७. प्रत्येक शुक्रवार Revise Class को व्यवस्था
८. कमजोर विद्यार्थीहरुका लागि विशेष कक्षाको व्यवस्था
९. गरीब,दलित, शहीद परिवार, अपाङ्ग विद्यार्थीहरूका लागि विशेष छुटको व्यवस्था
१०. प्रत्येक विद्यालयका प्रथम, द्वितिय र तृतीय विद्यार्थीलाई विशेष छुटको व्यवस्था
११. प्रत्येक शनिवार कुनैपनि विद्यार्थीले न्युनतम शुल्कमा लोकसेवा आयोगको परिक्षा दिई Feed back कक्षा लिन पाउने सुविधा
१२. Free Wifi को व्यवस्था
१३. Hostel तथा यातायातको व्यवस्था।

9854025530 / 9824885783

# कांग्रेसको धूर्तता र माओवादीको मूर्खता



-प्रधानमन्त्री पुष्पकमल दाहालले आफ्नै कारणले आफ्नो नेतृत्वको सरकार र प्रकारान्तरले आफ्नो पार्टीमाथि संकट निम्त्याउन खोजिरहेका छन्। नेपाली कांग्रेसले अस्वाभाविक रूपमा धोका दिएपछि स्वाभाविक रूपमा बनेको गठबन्धनलाई बलियो बनाएर मुलुकलाई राजनीतिक स्थिरता दिनुपर्नेमा प्रधानमन्त्री दाहालमा आत्मबल कमजोर देखिएको छ। सरकार गठनको निर्णायक घडीमा कांग्रेसले देखाएको चरित्रलाई दुई महिनामै बिर्सेर्भैं उसैको हित हुने गरी उरालिएको कथित राष्ट्रिय सहमतिको नारा अन्ततः उनलाई नै आत्मघाती हुने निश्चित छ। कांग्रेसले सत्ताको महत्व बुझेको छ। १० पुस २०७९ मा देखाउन नमिल्ने शक्तिको भर पर्दा गुमेको सत्ता कसरी फर्काउने भनेर तानाबाना बुनिरहेको कांग्रेसलाई प्रधानमन्त्री दाहालको राष्ट्रिय सहमतिको बेमौसमको रागले त्राण दिएको छ। बिना अर्थ र विना योगदान राष्ट्रपति पाइन्छ भने अरू नै दलले बनाइदिएको सरकारलाई नचाहिएको मत दिन कांग्रेसलाई कुनै घाटा हुने कुरा थिएन। सम्भवतः यसरी खेल्न पाइन्छ भन्ने विश्लेषणकै आधारमा कांग्रेसले गत पुस २६ गते सरकारलाई विश्वासको मत दिएको थियो।

त्यसयता प्रधानमन्त्री दाहाल सत्तारुढ सहकर्मीहरूसँग भन्दा बढी कांग्रेसको चिन्तामा देखा पर्नु संयोग मात्रै हो कि योजनाबद्ध ? निर्णायक बेलामा पाएको धोका, कांग्रेसमा रहेको परनिर्भरता, अदृश्य शक्तिहरूको उक्साहट र आफ्नो खस्किंदो आत्मविश्वासका बीचमा कांग्रेसलाई बुझ्न नसक्नु प्रधानमन्त्री दाहालको जीवनको सर्वाधिक आत्मघाती कदम हुनसक्छ। महाभारतको लडाइँमा अर्जुनले निशाना लगाउनका लागि चराको आँखा मात्रै देखे जस्तै यतिबेला नेपाली कांग्रेसको निशाना सरकार मात्रै छ र ऊ प्रधानमन्त्रीको कुर्सी मात्रै देखिरहेको छ। १८ महिना जसको सहयोगमा शेरबहादुर देउवा प्रधानमन्त्री भए अर्को १८ महिना उसलाई पालो दिन अस्वीकार गरेर गठबन्धन नै भत्काउने पार्टीलाई राजनीतिक स्थिरताको चिन्ता छ भनेर कसैले पनि पत्याउँदैन।

भन्न त अहिले दाहाललाई कांग्रेसले हामी सरकारलाई समर्थन गर्छौं, तपाईं सरकार चलाउनुस् भनिरहेको छ। तर, पुष्पकमल दाहाललाई एमालेले छाडिहालेछ भने कांग्रेसले आफ्नो सरकार बचाउनका लागि साथ दिन्छ भन्ने परेको छ भने त्यो भ्रम मात्रै हो। कांग्रेसमा देखा परेको माओवादीप्रतिको यति धेरै प्रेम राष्ट्रपति निर्वाचनसम्मका लागि मात्रै हो भन्नेमा कुनै द्विविधा नराखे हुन्छ। फागुन २५ गते आफ्नो राष्ट्रपति निर्वाचित भइसकेपछि कांग्रेसले फु गरेर दाहाल नेतृत्वको सरकार ढालिदिन्छ। एमालेले समर्थन फिर्ता लिनासाथ प्रधानमन्त्री दाहालले विश्वासको मत लिनुपर्छ। त्यहीबेला कांग्रेसले विश्वासको मत दिंदैन र संविधानको धारा ७६ (३) अनुसार प्रतिनिधिसभामा ठूलो दलको हैसियतले स्वतः सरकार गठन गर्छ। आफ्ना लागि अनुकूल वातावरण बनाउनका लागि भित्री र बाहिरी शक्तिहरूको साथ लिएर कम्मर कसेर लागिरहेको कांग्रेसले आफ्नो सरकार बचाइदिन्छ भनेर माओवादीले कदापि नठाने हुन्छ। यदि वर्तमान गठबन्धन टुट्ने हो भने त्यसको फाइदा हुने कांग्रेसलाई मात्रै हो।

एकातिर कांग्रेसको राष्ट्रपति हुन्छ, अनि अर्कातिर ठूलो दलको हैसियतले प्रधानमन्त्री नियुक्त हुन्छ। त्यस्तो बेला दाहालले बाध्य भएर नाकको चालले कांग्रेसलाई मत हाल्नुपर्ने हुन्छ। किनभने, त्यो सरकारले विश्वासको मत प्राप्त गर्न सकेन भने त्यसपछि सरकार बन्ने सम्भावना हुन्न र मुलुक मध्यावधि निर्वाचनमा जान्छ। अनि निर्वाचनबाट कोही सबभन्दा बढी डराएको छ भने त्यो माओवादी नै हो। कांग्रेस लगायतका पाँच दलसँग मिल्दा पनि जम्मा १८ सिट जितेको माओवादीका लागि उसैका कारण तत्कालै हुने निर्वाचन निकै महँगो पर्नेछ र एक्लै चुनाव लड्नु परेको अवस्थामा सिंगल डिजिटमा खुम्चिनुपर्ने अवस्था आउन सक्छ। साढे दुई वर्षपछिको चिन्ता हो भने त्यही बेला नयाँ विकसित परिस्थितिमा नयाँ ढंगले कुराकानी गर्न सकिन्छ। परिस्थितिले आफूलाई दिएको दायित्व आफैं पूरा गर्ने वा निर्णायक चाबी फेरि विदेशीकै हातमा सुम्पिने ? बल प्रधानमन्त्री दाहालकै कोर्टमा छ। के पुष्पकमल दाहाल जानाजान मुलुकलाई यस दिशामा लैजान चाहन्छन् ? के उनले आफ्नो राष्ट्रपति निर्वाचित भइसकेपछि आफ्नै नेतृत्वमा सरकार बनाउने कांग्रेसको चालबाजी बुझेका छन् ? भनिन्छ, अनुभवले मानिसलाई परिपक्व बनाउँछ। तर, दाहालका हकमा उनी जति अनुभवी बन्दै गइरहेका छन्, त्यति नै अविश्वसनीय बन्दै गइरहेको देखिन्छ। कुनै बेला सबभन्दा ठूलो र निर्णायक बनेको माओवादी आज उनका यी र यस्तै नीतिहरूका कारण च्याँखे दाउ लगाउने अवस्थामा आइपुगेको छ।

यतिबेला कुनै राष्ट्रिय विपत्ति छैन, मुलुक कुनै ठूलो संकटमा फसेको छैन। निर्वाचन सम्पन्न भएको छ, नयाँ संसद बनेको छ। प्रदेशहरूमा सरकारहरू बनेका छन्। प्राप्त विकल्पमध्ये तुलनात्मक रूपमा उपयुक्त विकल्पका बीचमा समीकरण बनेको छ। अनि राष्ट्रिय सहमतिको नारा उराल्नुपर्ने के आवश्यकता आइपरेको छ ? भुईंको टिप्न खोज्दा गोजीको फुत्किएको हिजोको इतिहासबाट दाहालले शिक्षा लिनलाई केले रोकेको छ ? नेकपा (एमाले) ले प्रधानमन्त्री पुष्पकमल दाहाललाई सकेसम्म सहज पार्ने काम गरिरहेको छ। पुस १० गते उनी अपमानित रूपमा बालुवाटारबाट निकालिएपछि राजनीतिक नेतृत्व लिएर एमालेले उनलाई ससम्मान बालुवाटार फर्काएको छ।

हिजोको तिक्तता र बेमेलहरूलाई पृष्ठभागमा छाडेर नयाँ सहमतिका साथ अघि बढ्न एमालेले भूमिका निर्वाह गरिरहेको छ। यी सबै काम गर्दा हिजो भएका सहमतिहरूका आधारमा मात्रै एमाले अघि बढिरहेको छ। राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी जस्ता संसदमा उल्लेख्य सिट भएका पार्टीलाई एकठाउँमा राखेर दाहाललाई बहुमत जुटाउन एमाले अध्यक्ष केपी शर्मा ओलीले निर्णायक भूमिका निर्वाह गर्नुभएको छ। दाहाललाई सजिलो होस् भनेर नै मन्त्रालयहरूको बाँडफाँटमा पनि एमालेले लचकता देखाएको छ, नयाँ मन्त्रीहरू पठाएको छ। अध्यक्ष ओलीले बारम्बार बालुवाटार पुगेर छलफल गरिरहनुभएको छ। यहाँ त दृश्य कस्तो देखा पर्दैछ भने प्रधानमन्त्री स्वयम् आफ्नो सरकारप्रति उदासीन रूपमा प्रस्तुत भइरहनुभएको छ। नयाँ सरकार बनेपछि तत्कालै ढाल्नका लागि कांग्रेसले गरेका प्रयासहरू कसैबाट लुकेका छैनन्। दाहाल नेतृत्वको सरकारलाई विश्वासको मत पुऱ्याउनै नदिनका लागि कांग्रेसले प्रधानमन्त्रीको उधारो पद राजेन्द्र लिङ्देनदेखि रवि लामिछानेसम्मको ढोकामा पुऱ्याएको कुरा त सार्वजनिक नै भइसकेको छ।

*सांभारः अनलाईन खबर ।*


## कम्प्यूटर टाईप-प्रिन्ट



सस्तो, शुलभ, उत्कृष्ट विश्वसनीय एवं भरपर्दो पत्र, पत्रिका, बुलेटिनहरु कम्प्यूटर टाईपिंग & सेटिंग तथा कम्प्यूटर टाईप-प्रिन्ट, फोटोकापी, स्केनिंग, लेमिनेशन सम्बन्धी सम्पूर्ण कामकाज गराउनका लागी सम्झनुहोस ।

-: ढिलीप कुमार साह :-

सम्पर्क नं.-९८४४०५१४८७, ९८१७६२०२०२ (जनकपुरधाम, माछा बजार)

एकचोटी सेवाको मौका अवश्य दिनुहोला








## सूचना

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वा नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- चिल्लो तथा वोसोयुक्त खानेकुरा नखाऔं,
- शारीरिक व्यायमलाई निरन्तरता दिऔं,
- हृदय रोग, मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजसता समस्या भएका व्यक्तिले स्वास्थ्य परीक्षण गरौं,



जाडोको जोखिमबाट आफु पनि बचौं र अरुलाई पनि बचाऔं ।

सोनमा गाउँपालिकाको कार्यालय, महोत्तरी



## समयमै कर तिरौं

- आफूले तिर्नुपर्ने कर समयमै तिरौं ।
- राज्य संचालनमा सहयोग गरौं ।
- नागरिक कर्तव्य पूरा गरौं ।

*जनताबाट उठाईएको कर :*

- सडक, खानेपानी, स्वास्थ्य, शिक्षा तथा पूर्वाधार निर्माण,
- सार्वजनिक सेवा संचालन,
- सामाजिक सुरक्षा प्रदान,
- बैदेशिक ऋण कम गर्न आवश्यक पर्दछ ।

नेपाल सरकार
विज्ञापन बोर्ड


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम , प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि
सम्पर्क कार्यालय : जनकपुरधाम-४(मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday